"सिरीजङ्गाको गौरव, कन्चनजङ्गा"

# सिरीजङ्गा राजपत्र

सिरीजङ्गा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, असोज १७ गते २०८० साल (संख्या०६

## भाग २

सिरीजङ्गा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्गा गाँउपालिकाको गाँउ कार्यापालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधी सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०६

# सिरीजंघा गाँउपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि-२०८०

**प्रमाणीकरण मितिः २०८०।०६।१७**

प्रस्तावना : सरीजंघा गाँउपालिका अन्तर्गत रहेका विभिन्न सडकहरूको मर्मत सम्भार गरी दिगो रूपमा यातायात संचालन गर्नका यस गाँउपालिकाका बाट सडक हेरालुको लागि वजेट विनियोजन भएको हुँदा उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम संगत वनाउनका लागि वान्छनीय भएकोले,

## परिच्छेद-१ प्रारम्भिक

**१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा**

क. यस कार्यविधिको नाम : सिरीजंघा गाँउपालिकाको "सडक हेरालु व्यवस्थापन कार्यविधि २०८०" रहनेछ ।

ख. "अध्यक्ष" भन्नाले सिरीजंघा गाँउपालिकाको अध्ययक्ष सम्झनु पर्दछ ।

ग. "उपाध्ययक्ष" भन्नाले सरीजंघा गाँउपालिकाको उपाध्ययक्ष सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सरीजंघा गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ. "हेरालु" भन्नाले सरीजंघा गाँउपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ ।

च. "छनौट समिति" भन्नाले हेरालु छनौट समिति सम्झनु पर्दछ ।

छ. "सडक" भन्नाले सरीजंघा गाँउपालिका अन्तर्गतका वडा स्थित विभिन्न सडकहरू सम्झनु पर्दछ।

ज. "पोशाक" भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ ।

झ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ ।

**२) कार्यक्षेत्र** :

(१) हेरालुहरूको कार्यक्षेत्र यस सरीजंघा गाँउपालिकाका अन्तर्गत रहेका सडक क्षेत्रहरू हुनेछ ।

(२) गाँउपालिका तथा वडाले तोकिएको सडकमा  हेरालु खटाउन सकिनेछ ।

(३) उप दफा (२) बमोजिम सडक हेरालु खटाउदा अध्ययक्ष, उपाध्ययक्ष, सम्बन्धित वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ । यसका अलवा गाँउपालिका क्षेत्र भित्रको सडकहरूको हकमा सोही बमोजिम हुनेछ । तोकिएका सडकहरूमा हेरालु तोक्दा यसै कार्यविधि बमोजिम हुनेछ ।

**३) कार्य प्रकृति :**

सडक हेरालुहरूको कार्य प्रकृति देहाय बमोजिम हुनेछ  :

- सडक मर्मत सम्बन्धी कार्यहरू ।
- सडकमा पर्ने खाल्डाहरू पुर्ने, र सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य ।
- सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरू पुर्ने, कटान मर्मत गर्ने  ।
- सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने ।
- नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने सडक सरसफाइ गर्ने । तर ठूला प्रकृतिका रूखहरू, घाँसका विरूवाहरू लगायत अन्य काममा आउने वोट विरूवाहरू काट्नुपर्दा सम्बन्धित रूख धनी वा वडाध्यक्ष तथा वडा सदस्यहरूसँग समन्वय गर्नुपर्ने छ ।
- सडकमा पानी जमेको अवस्थामा अनिवार्य रूपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने ।
- सडक दायाँ वायाँ वृक्षरोपण गर्ने ।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

**४) हेरालु छनौट समिति**

हेरालु छनौटका लागि देहाय बमोजिम ५ सदस्यीय एक छनौट समिति रहनेछ :

- प्रमुख प्रशासकीय अधिकृत - संयोजक
- पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
- विपत व्यवस्थापन शाखा प्रमुख - सदस्य
- रोजगार सेवा केन्द्र प्राविधिक - सदस्य

- सामान्य प्रशासन शाखा प्रमुख – सदस्य सचिव

**५) छनौट प्रक्रिया :**

क)सडकको मर्मत सम्भार गर्ने सडक हेरालु छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

- सडक हेरालुका लागि उपयुक्त उमेद्‌वारको छनौट गर्न  विज्ञापन खुलाउनु पर्नेछ ।
- तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरू दर्ता गरी सम्पर्क मिति तोकिने छ ।
- तोकिएको मितिमा अन्तवार्ताको माध्यमबाट छनौट गरिनेछ ।

ख) हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्ने छ ।

- सम्बन्धित सडक नजिक रहेको ।
- उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
- आर्थिक अवस्था कमजोर रहेको, गरीबी परिचय पत्र भएकोलाइ विशेष प्राथमिकता ।
- काम प्रतिको जिम्मेवारी जवाफदेहीता वहन गर्ने ।
- स्वास्थ्य विमा अनिवार्य गरेको हुनुपर्ने ।
- अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

ग)छनौट समितिबाट सिफारिश भएका  हेरालु उमेद्‌वारहरूलाई करार सम्झौता तथा नियुक्ति गाँउ कार्यपालिकाको कार्यालयले दिनेछ ।

घ)सिफारिस भएको उमेद्‌वारहरूको करार  सम्झौता  ६ महिना सम्मका लागि मात्र हुनेछ । ६ महिना पछि निजको काम सन्तोषजनक देखिएमा, कार्यक्रम रहने अवस्था भएमा अनुगमन समितिको सिफारिसमा छनौट समितिले पुन म्याद थप गर्ने निर्णय गरी पठाएमा निजको ६ महिना सम्मका लागि पुनः म्याद थप गर्न सकिनेछ ।

**६) हेरालुको दैनिक कार्य समय :**

क. हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ :

- दैनिक रूपमा सडकमा मर्मत सम्भार गर्नुपर्नेछ ।
- तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको अवस्थामा हेरालुवाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।

७) सेवा सुविधा :

क. सडक हेरालु (अदक्ष ज्यामी अनुसार) को सेवा सुविधा जिल्लाले तोकेको दररेट र आपसी समझदारी अुनसार हुनेछ ।

ख. हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार सम्वन्धित संस्थाले उपलब्ध गराउने छ।

ग. सडक हेरालुहरूको खाइपाइ आएको सेवा सुविधा भुक्तानी गर्दा वैंक मार्फत गर्नुपर्ने छ ।

**८) अनुगमन समिति**

हेरालुहरूको सडक मर्मत कार्य प्रभावकारी वनाउन तथा सडकको स्थिति वारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

- उपाध्यक्ष - संयोजक
- सम्वन्धित वडाका अध्यक्ष - सदस्य
- सम्वन्धित वडा हेर्ने प्राविधिक - सदस्य
- योजना शाखा प्रमुख - सदस्य सचिव

**९) विविध :**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाँउपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**आज्ञाले,**
**श्री मधुर नेपाली**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**